नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
( ............................................... शाखा)

फोन नं. ०१-६६३८१५१/०१-६६३७८७३
फ्याक्स ०१-६६३७८७२

प.सं. ०७९-०८०
च.नं. १०३२

मिति: २०७९।२।१०

विषयः शैक्षिक.सत्र २०७८ को शिक्षकको कार्य सम्पादन मूल्याङ्कन फारममा मूल्याङ्कन अवधि लेख्ने सम्वन्धमा ।

सबै शिक्षा विकास निर्देशनालयहरु,
सबै शिक्षा विकास तथा समन्वय इकाइहरु
सबै स्थानीय तहहरु ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम ३२घ को उपनियम (७) मा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकले नयाँ शैक्षिक सत्र शुरु भएको ३० दिनभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्वन्धित विद्यालयमा दर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । तर कोभिड - १९ को संक्रमणका कारण विषम परिस्थिति उत्पन्न भै २०७८ माघ महिनाभर देशभरका सबै विद्यालयहरु बन्द रहेकाले शैक्षिक सत्र २०७८ को चैत्र मसान्तसम्मको पुरै अवधि विद्यालयले नियमित रुपमा पठन पाठन सञ्चालन गर्ने, विद्यालयले लिने कक्षा १० सम्मका सबै प्रकारका परीक्षाहरु २०७९ वैशाखमा मात्र सञ्चालन गर्ने र नतिजा प्रकाशनको काम समेत बैशाख महिना भित्रै सक्ने तथा विद्यालयले शैक्षिक सत्र २०७९ को नयाँ विद्यार्थी भर्ना समेत बैशाख महिनामा नै सुरु गर्ने, २०७९ जेठ १ गतेदेखि नियमित पठन पाठन गर्ने र २०७९ चैत मसान्तभित्र राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरे बमोजिम पाठघण्टा अनुसारको पठन पाठन तथा सिकाइ क्रियाकलाप एवम् परीक्षा र मूल्याङ्कन कार्यहरु सकिने गरी विद्यालयले स्थानीय तहसँगको समन्वयमा वार्षिक शैक्षिक कार्यतालिका तय गरी कार्यान्वयन गर्ने भनी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट मिति २०७८।११।०३ मा भएको निर्णय अनुसार सामुदायिक विद्यालयका शिक्षकहरुको शैक्षिक सत्र २०७८ को कार्य सम्पादन मूल्याङ्कन फाराम भर्ने, दर्ता गर्ने गराउने कार्य मिति २०७९ साल जेठ ३० गतेसम्म गर्ने गराउने र शिक्षकहरुको शैक्षिक शत्र २०७८ को कार्यसम्पादन मूल्याङ्कन फाराम शिक्षक सेवा आयोग (एघारौं संशोधन) नियमावली, २०७८ बमोजिम हुने र कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा समेत सोही नियमावली बमोजिम हुने व्यहोरा सबै स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ र शिक्षा विकास निर्देशनालयहरुको जानकारीका लागि भनि आयोगबाट मिति २०७९।१।८ मा सूचना प्रकाशित गरिएकोमा शैक्षिक सत्र २०७८ को शिक्षकको कार्य सम्पादन मूल्याङकन फारममा मूल्याङकन अवधि उल्लेख गर्दा द्विविधा भएकोले उक्त विषयमा स्पष्ट पारिदिन अनुरोध भै आएको हुँदा उक्त सम्वन्धमा शैक्षिक सत्र २०७८ को हकमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३२ सँग सम्बन्धित *शिक्षकको कार्य सम्पादन मूल्याङ्कन फाराम को मूल्याङ्कन अवधि ..........देखि ............ सम्म* भनिएको स्थानमा *शैक्षिक सत्र २०७८ को कार्य सम्पादन मूल्याङ्कन* भनि उल्लेख गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७९।०२।१०

कृष्ण प्रसाद ढुंगाना
उपसचिव